# के हो श्रम संस्कृति ?

प्राकृतिक स्वरुपमा रित्तो भाँडोको रुपमा जन्मिएको मान्छेको सोच विचार, बोलि व्यवहार र उसको समग्र जीवन पद्धति संस्कृतिले निर्धारण गर्दछ । अर्थात मान्छेको सामाजिक जीवन नै उसको संस्कृति हो ! मान्छेको सोचाइ, बोलि बचन, चालचलन सबै संस्कृति हो । जस्तो परिवारमा जन्मन्छ उस्तै बन्छ मान्छे र मान्छे जस्तो बन्दछ उस्तै उसको परिवार बनाउँछ ! मान्छे कस्तो बन्छ भन्ने कुरा उसको संस्कृतिमा भर पर्दछ र संस्कृति कस्तो बन्छ भन्ने कुरा मान्छेको लामो र निरन्तरको अभ्यासले निर्धारण गर्दछ ! श्रम भन्ने बित्तिकै मानिसले आफ्नो जीवनको लागि गर्ने कर्म हो भन्ने बुझ्नु पर्दछ जुन उसले आफ्नो जिवन चलाउन गर्ने गर्दछ ! श्रम संस्कृति भन्ने बितिक्कै सामान्य अर्थमा काम गर्ने संस्कृति भन्ने बुझ्नु पर्दछ ! श्रम संस्कृतिले मान्छेलाई बिकासको केन्द्र बिन्दु मान्दछ र मान्छेलाई सुधार्नु र सकारात्मक रुपमा परिवर्तन गर्नु नै सबै भन्दा ठुलो बिकास मान्दछ ! अर्थ धेरै लाग्न सक्छ तर हाम्रो देश बनाउने र बचाउने अभियानको सन्दर्भमा राजनीतिक सामाजिक सूत्रको रुपमा भन्नु र बुझ्नु पर्दा श्रम संस्कृति भनेको निम्न उद्देश्य प्राप्त गर्न प्रयोग गर्ने मानव संयन्त्रात्मक क्रान्ति हो !

१. अल्छी मान्छे र समाजलाई पौरखी बनाउन !

श्रम संस्कृतिको माध्यमले अल्छी मानिस र समाजलाई पौरखी परिश्रमी बनाउने अभियान चलाइनेछ ! अनिवार्य श्रम र श्रमदान गर्म प्रेरित गरिनेछ ! व्यक्ति र सामाज अनि देश बीचको सम्वन्धलाई बुझाई सबैलाई लाभ हुने कारण र तथ्यहरु बुझाई काम गर्न लगाइनेछ ! निर्देशन होइन उदाहरण बनेर अगुवाले सो कर्म गर्नेछ गर्नु पर्नेछ !

२. बेइमान मान्छेलाई इमानदार बनाउन !

गफको भरमा पेट पाल्नेले ठग्छ ! ठग्नेले चोर्छ र भ्रष्टाचार गर्छ ! बेइमानी नै देश भ्रष्म पार्न सक्ने बिष हो ! अन्याय अत्याचारको जरा हो ! त्यसैले गफ गरेर खानेलाई श्रम गर्ने अर्थात काम गर्ने मान्छे बनाउन अनिवार्य श्रम र श्रमदानको अभियानमा सरिक ग़राइनेछ !

३. देशको मतलब नराख्नेलाई देशभक्त बनाउन !

आफ्नो पेट बाहेक अर्थात व्यक्तिगत स्वार्थ बाहेक अर्थोकमा चासो नदिने मान्छेलाई देश र व्यक्ति बीचको अन्योन्यासृत सम्वन्धवारे बुझाएर श्रमदाता बनाएर देशका लागि पसिना बनाउने श्रमदाता बनाएर उसको मनमा राष्ट्रप्रेम जागृत गराइनेछ, देशभक्ति जागृत गराइनेछ ।

४. चेतनाले सुसुप्त समाजमा जागरण ल्याउन !

जनतामा सार्बभौम सत्ता मात्रै होइन स्रोत र शक्ति दुवै निहित हुन्छ । जनतामा भएको असिमित शक्ति र स्रोतलाई राष्ट्र निर्माणमा लगाउन सही र गलतको फरक छुट्याउन र सहीको पक्षमा मत जाहेर गर्न गराउन चेतनाको अभियान चलाइनेछ । र सुसुप्त अवस्थामा रहेको जनशक्तिलाई जगाई उत्लादन र निर्माण कर्ममा सदुपयोग गरिनेछ !

५. श्रम र श्रमिक प्रतिको दृष्टीकोण बदल्न !

श्रम र श्रमिकलाई अपमान गर्ने नेपाली समाजले काम गर्नेलाई काम कै आधारमा विभेद गरेर अछुत सम्म मानेको नेपाली समाज अझै काम गरिखानेलाई सानो सम्झन्छ र अपमान गर्छ प्रत्यक्ष परोक्ष ! यसरी श्रमलाई अपमान गर्ने सामाजिक मनोविज्ञान रहेकोले देशमा काम नगर्ने लाज मान्ने तर विदेशिएर जस्तो सुकै काम गर्न तयार नेपालीको मनोविज्ञानमा श्रम गर्ने सानो होइन ठुलो हो भन्ने व्यवहारिक अभियान चलाइनेछ ! समाजमा कामकै आधारमा एउटा मान्छेलाई अर्को मान्छेले दलित सम्झने चलन र मान्यताको अन्त्य गर्न अभियान संचाल्न गरिनेछ ! समतामूलक समाजको निर्माण गरिनेछ !

६. उत्पादन, निर्माण र आविष्कार गर्न !

श्रम र श्रमदानलाई अनिवार्य बनाएर उत्पादन र निर्माण अनि खोज अनुसन्धान र आविष्कार गर्ने अभियान संचालन गरिनेछ ! जताजतै उत्पादन र निर्माण गरेर देशको अभाग गरीबी र अविकासको आअस्था अन्त्य गरिनेछ ! आत्मनिर्भर अर्थतन्त्र लागु गर्न उत्पादन, निर्माण र आविषकारमा सबैलाई जोड्ने अभियान चलाइनेछ ! कोही कसैलाई विना काम समय बिताउन नदिन आवश्यक कार्य गरिनेछ ! उद्यम, इलम र उद्योगलाई जोड्दिइनेछ ! कर्मचारी होइन उद्यमी, जागिर होइन उद्यम र उद्योगलाई बढावा दिइनेछ !

७. फुटेको समाजलाई एकतामा जोड्न !

पार्टी, जाति, धर्म, वर्ग र व्यक्तिगत स्वार्थले फुटेको समाजलाई सामूहिक र राष्ट्रिय सार्बजनिक हीतको साझा उद्देश्य प्राप्त गर्न सङ्गै श्रमदान गराएर नजिक ल्याई एकतामा बाँधिनेछ !

८. सहभागी समाज बनाउन सामाजिक रुपान्तरण गर्न !

आफ्नो घर र आफ्नो परिवार आफ्नो पेट मात्रै सोचिरहने समाजलाई देशको अवस्था परिवर्तन गर्न सहभागी चरित्रको बनाउन अभियान चलाइनेछ । द्रुत गतिको देश बिकास गर्न गराउन सबैलाई अतिरिक्त योगदान दिन श्रमदान गराइनेछ !

## ९. सत्यवादी समाज निर्माण गर्न ।

सत्य बोल्न नसक्ने, नमान्ने, सत्य बोलि र व्यवहार गर्दा निरुत्साहित र दण्डित बन्नु पर्ने, गालि खानु पर्ने नेपाली समाज सत्य सुन्न मान्दैन । चाहंदैन । समाज यस्तो रहून्जेल सम्म सत्कर्म गर्न सकिन्न । सत्कर्मका लागि सत्य बोल्न सक्ने र सत्य स्वीकार्न सक्ने समाज निर्माण गर्न अभियान संचालन गरिनेछ ।

## १०. सज्जनलाई बहुमत दिन ।

नेपाली समाजमा सज्जनहरु नबोल्ने, अघि नसर्ने, हिच्किचाउने तर बेइमान फटाहाहरु हठात अघि सर्ने र बोल्ने समाजमा इमान्दार सज्जनहरुलाई बहुमत बनाउन सज्जनहरुलाई बोल्न प्रेरित गरिनेछ । गफ गर्नेले सकेको देशमा काम गर्नेको बर्चस्व बनाइनेछ ।

## ११. स्वाधीनता र सम्प्रभुताका बचाउन ।

आर्थिक उन्नति गर्न उत्पादन बनाउनै पर्दछ । आर्थिक रुपमा सम्पन्न नबनी देश स्वाधीन बन्न सक्दैन र स्वाधीनता बिना देश सम्प्रभु रहन सक्दैन । श्रम र श्रमदानलाई व्यापक बनाएर विदेशी ऋण र अनुदानको भरमा होइन आफ्नै स्वादेशी श्रम र स्रोत परिचालनले स्वाधीन अर्थतन्त्र सहितको सम्प्रभु देश बनाइनेछ ।

## १२. सिद्धान्तको व्यवहारिक प्रयोग गर्न ।

प्रकृति-संस्कृति-प्रविधिको सन्तुलनले मात्रै मानव संसार र जगतको रक्षा र उन्नति सम्भव छ भन्ने सिद्धान्त हर्कवादको गुदीमा पुग्न अनिवार्य श्रम र श्रमदानको व्यापक व्यवहारिक अभ्यास गरी जन संख्यालाई जनशक्तिको रुपमा रुपान्तरण गरिनेछ । परिक्षण र परिणामहरुको लेखा राखिनेछ ।

## १३. श्रमलाई सर्वोपरि स्थापित गर्न ।

सबैलाई, सबै जातजातिकाहरुलाई श्रम गर्ने संस्कृति साझा संस्कृतिको रुपमा स्थापित गरिनेछ । श्रम बिना मानव उन्नति केही सम्भव छैन भन्ने यथार्थलाई बुझाएर श्रम नै सबथोक हो भन्ने सामाजिक, शैक्षिक, आर्थिक, राजनीतिक सर्वोच्चतामा श्रमलाई सर्बिपरि ठान्ने मान्यता स्थापित गरिनेछ ।

## # श्रम संस्कृति पार्टी नै किन ?

माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न अरु कुनै विधि पद्धति नभएको कारण । कुनै व्यवहारिक राजनीति नभएको कारण श्रम संस्कृतिले मात्रै देशको यथार्थपरक सामाजिक परिवर्तन गर्ने भएको हुँदा अभाव र गरीबको अन्त्य गरी अभाव र गरीबीबाट सृजित विकराल अवस्थाको अन्त्य गर्न अरु कुनै विदेशी विद्धान्त बोकेका पार्टीहरुले गफको भरमा देश बनाउन नसकेको र नसक्ने यथार्थ बोध भएकोले यो पार्टीको औचित्य पुष्टी हुन्छ । खेतबारी बाँझो राखेर सुकिलो मुकिलो जीवन शैलीले न व्यक्ति समृद्ध बन्न सक्छ र मुलुक । अव्यवहारिक सिद्धान्त रट्टा मारेर देश बनाउन खोज्ने अरु पार्टीहरुले देशमा वैदेशिक ऋणको भारि थोपर्ने बाहेक अरु केही भिजन नभएकोले श्रम संस्कृति पार्टी मात्रै जनताको छनोटमा पर्ने देखिन्छ

श्रम नै सर्वोपरि हो भन्ने मान्यता बोकेको यो पार्टीले मात्रै देशको गरीबी र परनिर्भरताको अन्त्य गर्न सक्दछ त्यसैले यही पार्टी अन्तिम विकल्पको रुपमा प्रकट भएको छ ।

यस्लाई सार्थक बनाउन संक्षेपमा श्रम संस्कृति पार्टी आवश्यकताका कारण यस प्रकार छन् ।

# <u>श्रम संस्कृति पार्टीको मूल सिद्धान्त हर्कवाद</u>ः प्रकृति + संस्कृति + प्रविधि को सन्तुलित र समुचित बिकासले मात्रै मानव संसार र जगतको रक्षा र उन्नति गर्न सक्छ र त्यो अवस्था प्राप्त गर्न अनिवार्य श्रम र श्रमदान गर्नु पर्दछ । अनिवार्य श्रम र श्रमदानको नीति र निरन्तर अभ्यासले मात्रै अभाव, गरीवी, विभेद र त्यसबाट उत्पन्न द्वन्द, लडाइँ, विनाश र अशान्तिको अन्त्य गर्न सकिन्छ भन्ने मूल राजनीतिक दर्शन हो हर्कवाद । यही देशको ढुङ्गा र माटोमा श्रम रोपेर देशको स्वाधीनता, सम्प्रभुता, समृद्धि, सुख र खुसी सहितको सुनौलो भविष्यका फलाउने सूत्र हो हर्कवाद ।

# <u>श्रम संस्कृति पार्टीका एजेण्डाहरु / प्रतिबद्धता या घोषणाहरु</u>ः

# हामी गाउँका मान्छेहरुको माग नै हो हाम्रो एजेण्डा । जनताको माग नै हुन् हाम्रा एजेण्डा मान्नेछौं । तथापी हाम्रा केही प्रतिबद्धताहरु यस प्रकार छन् ।

# <u>शासकीय स्वरुप सम्बन्धमा</u>ः

वालिग मताधिकार द्वारा प्रत्यक्ष चुनिने कार्यकारी राष्ट्रपति । १ कार्यकाल ५ बर्षको हुनेछ । एक जना व्यक्ति २ चोटि भन्दा बढी चुनिन पाउनेछैन । राष्ट्रपति र उपराष्ट्रपति एकै लिङ्ग र एकै जाति समुदायको नरहने ( दलले उम्मेद्वारी दिंदाको अवस्थामा तर चुनिंदा के हुन्छ सो नतिजानुसार हुनेछ ) । राष्ट्रपतिले राजनीतिक क्षेत्र बाहिरको विषय विज्ञ या साम्सद जसलाई पनि लिएर आफ्नो पायकको सरकार गठन गर्न पाउने । साम्सद सरकारमा गए साम्सद पद निलम्बन हुने । देश द्रोह, भ्रष्टाचार या अनैतिक कृत्य गरेको पुष्टी भए संसदले महाअभियोग लगाउन सक्ने । राष्ट्र पति नै राष्ट्र र सरकार दुवैको प्रमुख रहने । संसद र सरकारको पदावधि ५ वर्षको रहने । संसदले सरकारको एजेण्डाहरुमा बहस पैरवी गरी आवाश्यक कानुन वनाउने, बनेकालाई संशोधन गर्ने ।

# <u>सार्वभौमसत्ता र राजकीय सत्ता</u>ः

नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता । राज गर्ने शासनको अधिकार जनतामा मताधिकार मार्फत सुनिश्चित गरिएको छ । लोकतान्त्रिक विधिबाट चुनाव गरेर राष्ट्र र सरकार प्रमुख चुन्नु र आवश्यक कानुन वनाउने संसदका प्रतिनिधि चुन्नु त्यस्को उदाहरण हो ।

# <u>भौगिलिक अखण्डा र सिमा रक्षा</u>ः

सुनिश्चित र अखण्ड भुगोल बिना देशको कल्पना हुनै सक्दैन । कुनै पनि सामाजिक या राजनीतिक वहानाहरुले देशको भुगोल खण्डित हुने देश टुक्रिन दिने छैनौं । सिमानामा सेना राखी हुन सक्ने सिमा अतिक्रमण रोकिनेछ । देशको अखण्डता चुनौती दिने र सिमाना अतिक्रमण गर्ने खाल्को कुनै पनि आन्तरीक या वाह्य गतिविधिलाई रोक लगाइनेछ ।

# <u>असंलग्न परराष्ट्र नीतिः</u>

सबै सङ्ग सरदुरी र समनिकटताको नीति लिइनेछ । छिमेकीमुलुकहरु सङ्ग असल छिमेकी बन्ने । विश्व जगतमा असल राष्ट्र-व्यक्ति बन्ने । बिकास र उन्नतिमा श्रम गरेर उत्पादन, निर्माण र आविष्कार गरेर प्रतिष्पर्धा गर्ने तर युद्ध र महायुद्धमा कसैको पक्षमा नउभिने । अहिलेका महाशक्तिहरु बीच वेलावेला युद्ध भैरहन्छ । त्यस्ता युद्धहरुमा असम्लग्न रही कुनै पक्ष विपक्षमा नउभिने । युद्धका मामिलामा या युद्धका उद्देश्य बोकेका कुनैपनि मामिलामा नेपालको भुगाग या आकाश या कुनै पनि स्रोत साधन प्रयोग नगर्ने प्रयोग गर्न नदिने ।

# <u>नागरीकताः</u>

प्रत्येक नागरीकलाई आमा या बाबाको वशंको आधारमा नागरीकता दिने । नेपाली नागरीक सङ्ग विहे गरेर आएको व्यक्तिलाई नेपालमा ५ बर्ष निरन्तर बसोबास गरेको अवस्था पनि सम्वन्धित देशको नागरीकता परित्याग गरे पछि मात्र अंगीकृत नागरीकता दिने । नागरीकता प्राप्त नभएकाहरुलाई अस्थायी वसोवासको परिचय पत्र दिने ।

# <u>मौलिक हक एबम् मनवाधिकारः</u>

सवै नागरीक कानुनको नजरमा समान हुने । प्रत्येक नागरीकलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकारको प्रत्याभूतिका लागि गाँस, वास, कपास, स्वास्थ्य, शिक्षा, रोजगार, सुरक्षा र राष्ट्रियता सहितको समान अधिकारको ग्यारेण्टी हुने । प्रेस, सभा, सम्मेलन गर्ने, दलमा आवद्ध हुने, दल खोल्ने जस्ता सम्पूर्ण नागरीक स्वतन्त्रता र व्यक्तिगत सम्पति माथिको अधिकार साथै जातजातिको सामुदायिक अधिकारको ग्यारेण्टी गर्ने

# <u>लोकतान्त्रिक मूल्य र मान्यताः</u>

नागरीक सर्वोच्चता, नागरीक स्वतन्त्रता, समानुपातिक लोकतन्त्र, जनताको गणतन्त्र, संघात्मक शासन प्रणाली, मौलिक हक अधिकार, मानवाधिकार, अहुदलीय प्रतिष्पर्धा, आवधिक निर्वाचन, स्वतन्त्र-निष्पक्ष-सक्षम-विश्वासनीय न्यायपालिका, कानुनी राज्य, शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन, वालिग मताधिकार, लगायतका मूल्य मान्यताहरु आत्मसाथ गर्ने ।

#<u>व्यवस्थापिकाः</u>

संघ स्तरमा २ सदनात्मक र प्रदेशमा १ सदनात्मक व्यवस्थापिका रहने । संघीय व्यवस्थापिका अन्तर्गत राष्ट्र सभा सवै प्रदेशका समान प्रतिनिधित्व गर्ने गरी रहने । प्रतिनिधि सभामा प्रदेशको जनसंख्याको अनुपातमा पूर्ण समानुपातिक प्रतिनिधित्व रहने ।

# <u>नागरीक सरकार या कार्यपालिकाः</u>

सवै तहमा निर्वाचित कार्यकारी सहितको सरकार रहने । केन्द्रमा राष्ट्रपतिले सरकार गठन गर्दा समानुपातिक समावेशी किसिमको सरकार बनाउने । प्रदेशका मुख्यमन्त्री समेत स्थानीय सरकार चुनिए जस्तै प्रत्यक्ष निर्वाचित हुने । स्थानीय सरकार गठन विधि संघिधानमा उल्लेख भए अनुसार हुने ।

# प्रदेश सरकार संरचना संशोधनः

प्रदेश सरकारलाई अनावश्यक बोझ भनिन थालिएको परिप्रेक्षमा प्रदेश सरकार संरचनामा सुधार ल्याउने । आवश्यक्ता भन्दा बढी मन्त्रालयहरु कटौती गरी विभागिय संरचना बनाई जनताको सेवा सुविधा र विकास समृद्धिमा जोड दिने ।

# न्यायपालिकाः

स्पष्ट क्षेत्राधिकार भएको सँघीय न्यायलय रहनेछ । प्रदेशमा उच्च न्यायलय रहनेछ । सबै तहका न्यायलयहरुलाई आफ्नो क्षेत्राधिकार भित्र निर्णय गर्ने अधिकार रहनेछ । संघीय न्यालयलले सबै तहका न्यायलयहरुले गरेको निर्णयको पुन्रावलोकन गरी अन्तिम निर्णय दिन सक्नेछ । स्थानीय तहहरुमा पनि आआफ्नै न्यायीक समितिहरु हुनेछन् ।

# अधिकार बाँडफाँड र अवशिष्ट अधिकारः

केन्द्रमा सुरक्षा, मुद्रा, परराष्ट्र, प्रमुख भन्सार, प्राकृतिक स्रोत साधन र खानी खनिजको अधिकार रहने । अन्य अधिकार प्रदेश र स्थानीयमा रहने । सूचिकृत नभएका अवशिष्ट अधिकार केन्द्रमा रहने ।

# धर्म निरपेक्षता र स्वतन्त्रताः

राज्यको कुनै धर्म नहुने । कसैलाई काखा र कसैलाई पाखा नगर्ने । व्यक्ति धार्मिक आवस्था प्रति स्वतन्त्र रहने । कसैले करकाप गरेर धर्म परिवर्तन गराउन नहुने वाध्य नबनाउने । अन्यथा दण्डनीय मानिने ।

# बहुभाषिक नीतिः

नेपालका सबै जातजातिका मौलिक भाषाहरुलाई राष्ट्रिय भाषा मानिनेछ । मौलिक भाषाहरु शिक्षा र सरकारी कामकाजका भाषाको रुपमा प्रयोग गर्ने । बाहुभाषिक पाठ्शालाहरु संचालन गर्ने । मौलिक भाषाहरुको संरक्षण र प्रयोग गर्ने ।

# आत्मनिर्णय, स्वशासन र स्वयत्तताः

देशको भौगोलिक अखण्डता, स्वाधीनता, सम्प्रभुतामा आँच नआउने गरी देशको समग्रतामा क्षती नपुराउने गरी सांस्कृतिक निर्णयहरु गर्ने अधिकार जात जाति समुदायलाई रहनेछ ।

# पूर्व सुसूचित अधिकारः

जल, जमीन, जङ्गल र जडीबुटी लगायतका प्राकृतिक स्रो साधनहरुको प्रयोग अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि TLO १६९ अनुसार गर्ने । विकास निर्माणका कार्य गर्दा सहमतिको आधारमा गर्ने ।

# पूर्ण समानुपातिक निर्वाचन प्रणालीः

राज्यका सबै अंगहरुमा आदिबासी, जनताति, खस आर्य, मधेसी, दलित, मुस्लिम र अल्पसङ्ख्यक सिमानतकृत समुदायको अधिकार सुनिश्चित गर्ने समानुपातिक प्रतिनिधित्व गर्ने गराउने ।

# समानता र सुरक्षाको हकः

राज्यले कुनै पनि व्यक्तिलाई समुदाय, भाषा, वर्ण, धर्म, लिङ्ग, संस्कृति, परम्परा, पेशा, वैचारिक आस्था या यौनिक पहिचानको आधारमा विभेद गर्ने छैन । तर पुराना राज्य सत्ताले विभेद गरेर पिडित पारिएकाहरुलाई विशेष सुरक्षा र आरक्षण अवस्र दिइनेछ ।

# ट्रेड युनियन अधिकारः

श्रम जीवी बर्गको हीतमा अर्थतन्त्र समाज व्यवस्था संचालन गर्ने । देशका सम्पूर्ण श्रमिक वर्गलाई अन्तर्राष्ट्रिय श्रम संगठनले दिएको युनियनको अधिकार दिने ।

# राष्ट्रिय सुरक्षा प्रणालीः

संविधान अनुसार सुरक्षा निकायहरुको गठन, व्यवस्थापन र संचालन गर्ने । राष्ट्रपति नै नेपाली सेनाको सर्वोच्च परमाधिपति हुने । सुरक्षा परिषदको सिफारिसमा सेना परिचालन हुने । प्रदेश र स्थानीय सरकारको आफ्नै प्रहरी रहने

# शासकीय तथा प्रशासनिक सुशासनः

१. पारदर्शिताः देशको सिमाना सुरक्षा र आन्तरिक सुरक्षा सम्बन्धि अरुलाई थाहा हुँदा देशलाई खतरा हुन सक्ने सम्वेदनशिल सुचनाहरु बाहेक अरु सबै कुरा सार्वजनिक गरिनेछ । वैठकहरु Live हुनेछन् ।

२. मित्तव्ययिताः हामी फजुल खर्च गर्नेछैनौं । सादगी जीवन जिउनेछौं । जनताको करलाई सदुपयोग गर्नेछौं । मित्यव्ययिताका लागि समय र पैसा दुवै बचाउन श्रमदान नै हाम्रो प्रमुख विधि रहनेछ । उदाहरणः ५० लाख लागतमा ६ महिना लाग्नेकाम हामी १० लाखमा १ महिना भित्र सम्पन्न गर्नेछौं । सरकारी चालु खर्च कटौती गरी जनताको सेवा सुविधामा केन्दृत हुनेछौं । विदेशमा स्वास्थ उपचार नगर्ने । भ्रमणमा अनावश्यक खर्च नगर्ने ।

३. जवाफदेहिताः हामी आफुले गरेको र आफ्नो दायित्वमा रहेको गर्नु पर्ने काम प्रति जवाफदेही बन्ने छौं । आफ्नो कर्तब्यप्रति पूर्ण निष्ठा र जिम्मेवारी बहन गर्नेछौं । दोष अरुलाई दिएर आफु चोखिने परिपाटीको अन्त्य गरिनेछ ।

४. आर्थिक इमानदारीः

भ्रष्टाचार विरुद्ध, भ्रष्टाचारलाई रोक्न नागरीक संजाल खडा गरिनेछ । सरकारी र सामाजिक दुवै प्रकारका संयन्त्रहरु निर्माण गरी परिचालन गरिनेछ । स्रोत नखुल्ने र पुष्टी नहुने सम्पत्ति राख्न दिइनेछैन । DIGITAL MONEY प्रविधि प्रयोग गरी अवैध पैसा कारोबार रोकिनेछ । हरेक मानिसको आर्थिक

कारोबारको DIGITAL RECORDS राखिनेछ । हरेक मान्छेको FINANCIAL ACCOUNTS को सरकारी रेकर्ड राखिनेछ । विना स्रोतको सम्पत्ति सबै जफत गरिनेछ ।

५. गैर राजनीतिक राज्यः

कर्मचारी, प्रहरी, पत्रकार र न्यायलय जस्ता राज्यका निकायहरु गैर राजनीतिक बनाउने । पार्टीगत पक्षपाती पूर्वाग्रही वन्न नदिने ।

६. सुचनाको हकः

यो हक सुनिश्क्वित गर्ने । टोलटोलमा कानुनी जानकारी सवैलाई दिने । सेवा सुविधा र विकासे प्रकृयाहरु वारे सर्वसाधरण जनस्तरमा जानकारी दिने ।

७. कानुनी सरलताः

प्रकृया सर्वसुलभ वनाई वनाई ढिलासुस्तीको अन्त्य गरिनेछ । सरल प्रकृया अपनाइनेछ ।

८. कर्मचारी संयन्त्र राज्नीति बिहिनः

अनेक युनियन वनाएर जनताको सेवा भन्दा धेरै राजनीति गर्ने चलनको अन्त्य गरिनेछ ।

९. जनता सङ्गै सरकारः

घरदैलोको सरकार बनाइनेछ । जनता सङ्ग भेट्ने जनता सङ्गै प्रत्यक्ष घुलमिल गरेर काम गर्ने सरकार वनाइनेछ । श्रमदानलाई नै प्रमुख विधिको रुपमा अपनाएर जनताको हरेक दुःख कष्ट र सरोकारहरुको सरकार बनाइनेछ ।

१०. छरितो र सहज प्रशासनः

जनताको शान्ति, सुरक्षा, सेवा सुविधा र विकासका कार्यहरुमा प्रशानिक झन्झट हटाइ छिटो छरितो सेवा प्रवाह गरिनेछ । ढिलासुस्तीको अन्त्य गरिनेछ ।

१३. नियन्त्रणका नीतिः

कर्मचारीहरुलाई स्थायी नियुक्ति दिएकोले कुशासन र भ्रष्टाचारको सम्भावना वढ्दो छ । गुणको आधारमा वढुवा पाउने कर्मचारी दोषको आधारमा अर्थात विग्रेको कामचोर, घुस्खोर र प्रणाली अनुसार काम नगर्ने अटेरी वनेको खण्डमा सरुवा मात्रै होइन जागिर निलम्वन या खारेज गर्ने ।

# बिकास तथा कर नीतिः

१. वृद्धिलाई मात्रै विकास मानिने छैन । प्रकृति-संस्कृति-प्रविधिको सन्तुलित आधारमा गरिने (वृद्धि र व्यवस्थापन) यी दुवैको योगलाई विकास मानिनेछ ।

२. वैग्यानिक कर लागि गरिनेछ । धनीवाट धेरै लिएर गरीवलाई वचाउने नीति लिइनेछ ।

३. चेतना र देशभक्ति जागरण सहितको नैतिक विकास श्रमदानको विधिलाई प्राथमिकता दिइनेछ । आवश्यक ऐन कानुन बनाइनेछ यस सम्वन्धमा ।

४. परम्परागत ठेक्का प्रणालीलाई पनि आवश्यकता अनुसार प्रयोग गरिनेछ ।

५. सवै नागरीकलाई सवै खाले विकासमा श्रमदान मार्फत सकृय रुपमा जोडिनेछ ।

# विकासको सन्तुलनः

१. नेपाल भित्रै दुइटा नेपालको भोगाइको अन्त्य गर्ने । पहुँच र शक्तिको आडमा गरिने असमान र अन्यायपूर्ण विकास को वितरणको अन्त्य गर्ने । काठ्माण्डौं केन्द्रित या शहर केन्द्रित विकासलाई गाउँघर केन्द्रित बनाउनेछौं ।

२. सिमावर्ती क्षेत्रमा विकासका पूर्वाधारहरु केन्द्रित बनाउनेछौं ।

# भूमि व्यवस्थापनः

कम उब्जनी हुने क्षेत्रहरुमा मात्रै वस्ती बसाउने नीति लिने । आवासको नाममा गरिने अनावश्यक भूमि प्लटिङमा रोक लाउने । नीजी जग्गा प्राप्तिमा हदवन्दी लगाउने । वासको हक सवैलाई हुनेछ । सुकुमबासी समस्या समाधान । भूमफियाकरण रोकिनेछ । कृषी र उद्योगहरुलाई प्राथमिकता दिने ।

# लोककल्याणकारी राज्यः

१. देशमा राज्य व्यवस्था जनताको कल्याणमा केन्दृत हुने ।

२. श्रमजीवीहरु पूजीवादी शोसनबाट मुक्त गर्ने ।

३. विभेदबाट मुक्ति दिने । स्वास्थय विमा, शिक्षा विमा, वृद्ध एकल महिला, अपाङ्ग सस्गक्त सुरक्षा भत्ता दिने ।

४. ज्येष्ठ नागरीक र बालबालिकाहरुका लागि विषेष नीति बनाई सेवा सुविधा र मनोरञ्जन दिने ।

५. आश्रम र पार्कहरु खोल्ने ।

६. मानव तस्करी, जवर्जस्ती करणी जस्ता अपराध नियन्त्रण गर्ने ।

७. लोपान्मुख समुदायका लागि विशेष आरक्षण दिने ।

८. एकल महिलाको जीवन सहजीकरणको नीति दिने ।

९. अपाङगता पुन स्थापनामा जोड दिने ।

१०. लागु औषध दुर्व्यसन जस्ता समाजिक बिकृतिको अन्त्य गर्ने ।

११. तेस्रो लिङ्गी समलिङ्गीहरुको परिचय सहित समाजमा कानुनी र सामाजिक न्याय दिने ।

१३. किशान र मजदुर जस्ता उत्पादन, निर्माण र सेवाको क्षेत्रमा जीवन बिताउनेहरुलाई स्वास्थ्य र शिक्षामा विशेष सुविधा दिने ।

१४ दृस्तिविहिन को लागि विशेष आरक्षण र सुरक्षाको बेवस्था गर्ने ।

# **Gen z बारे:**

१. Gen z भर्खरका युवा पुस्तामा रहेका असन्तुष्टी, गुनासा, मागहरु र सल्लाह सुझाव सुन्ने । सोही अनुसारको योजना र काम कारवाही बढाउने ।

२. Gen z को सपनालाई योजनामा तर्जुमा गरेर नयाँ ढङ्गका राष्ट्र हीतमा काम गर्ने ।

३. युवा पुस्ताको दुरुपयोग रोक्ने । युवा पुस्तालाई राष्ट्र निर्माणका महत्वाकाँक्षी योजनाहरु सम्पन्न गर्न सदुपयोग गर्ने ।

४. राजनीतिक गुण्डा गर्दीमा युवालाई gen z लाई प्रयोग नगर्ने गर्न नदिने ।

५. उत्पादन, निर्माण र आविष्कारमा युवालाई लगाउने ।

# **शिक्षा:**

१ जीवनापयोगी शिक्षा पद्धति लागु गर्ने ।

२. सैद्धान्तिक शिक्षालाई सिमित बनाई व्यवहारिक शिक्षा लागु गर्ने ।

३. हप्तामा ६ दिनको साटो तीन दिन मात्रै पढाउने व्यवस्था मिलाएर पढ्ने विषय वस्तु र किताबको संख्या र पाठ्यभार घटाउने ।

४. हप्ताको ४ दिन उत्पादन, निर्माण, आविष्कार, खेलकुद, संगीत, कला र साहित्यका विषयहरुमा व्यक्तिगत उन्नयन र देश बिकासका लागि विद्यार्थीहरुलाई व्यवहारिक श्रमशिक्षा र कृयाकलापमा लगाउने ।

५. १० कक्षा सक्दा नसक्दै विद्यार्थीलाई आफुले खाने खाना उत्पादन गर्न र पकाइखान सिकाइसक्ने । लगाउने लुगा सिलाउन निपुन बनाउने ।

६. Driving, Carpentry, electric works, mason आदि तालिमहरु दिइ सक्ने ।

७. आविष्कार र Engineering मा विद्यार्थीहरुलाई अनिवार्य काम गराउने ।

८. देशभक्ति र नागरीकको भूमिका बुझ्हाउन १२ पास पछि अनिवार्य ६ महिना सैनिक तालिम दिने । Weaponry को बारेमा सवै जानकारी तथा तालिम दिने । त्यस पश्चात मात्रै उच्च शिक्षामा भर्ना हुन पाउने नीति तय गर्ने ।

९. कृषी क्षेत्रमा ठुलठुला अनुसन्धान र प्रयोग गर्ने शैक्षिक व्यवस्था मिलाउने ।

१०. पढे पछि कोही पनि बेरोज्गार नहुने उद्देश्य राखेर सोही मुताविकका शिक्षा लागु गर्ने । आवश्यकता अनुसार विषय र विधि परिमार्जन गर्ने ।

११. श्रम संस्कृति र अन्य जातिय संस्कृति बारे व्यवहारिक ज्ञान दिने ।

१२. श्रम संस्कृति र मूलुकको सकारात्मक परिवर्तन बारे पढाउने ।

१३.विकास र सामाजिक परिवर्तनमा श्रमको महत्वबारे बुझाउने र व्यवहारिक प्रयोग गराउने ।

१४. आवश्यक भौतिक लूर्वाधार तयार गर्ने । दक्ष जनशक्ति तयार गर्ने ।

१५. गाउँछोडेर शहर पढ्न आउनेलाई गाउँमै राख्न गाउँघरमा गुणस्तरीय शिक्षा, योग्य शिक्षक, शैक्षिक सामाग्रीको समुचित्व्यवस्थापन र वितरण गर्ने ।

१६. मातृभाषा शिक्षणमा जोड दिने ।

१७. सामाजिक अभियानहरु संचालन गरी सुधार ल्याउने ।

१८.सरकारी विद्यालयकोन्स्तर उन्नति गर्ने ।

१९. शिक्षकहरुले राजनीति नगोरून भन्ना खातिर श्रम संस्कृति पार्टीले शिक्षकहरुलाई सदस्यता दिइने छैन ।

२०. शिक्षकहरुलाई राजनीतिक गतिविधिमा सामेल हुन नदिने ।

२१. सबै शारीरिक क्षमता भएकाहरुका लागि शिक्षा तय गर्ने ।

शिक्षालाई पैसा कमाउने माध्यम नभएर समाज र जीवन उन्नत बनाउने, नैतिक, जवाफदेही र जिम्मेवार वनाउने पक्षको रुपमा स्थापित र विकसित गर्ने ।

२२. श्रम संस्कृति महाअभियानले ल्याउन चाहेको परिवर्तनलाई राष्ट्रिय मूलधारको शैक्षिक पद्दतिमा लागु गर्ने ।

२३. श्रम संस्कृति लागु गरे पश्चात र पूर्वावस्थाको फरक छुट्याउन संयन्त्र तयार गर्ने र आवश्यक सुधार गर्दै जाने ।

# <u>अर्थ नीति र आर्थिक बिकास</u>ः

१.आर्थिक विकासमा बाधक ऐन कानुन संशोधन गर्ने । नया कानुनहरु वनाउने ।

२. प्राकृतिक स्रोत साधनको समुचित उपयोग गरी अर्थ तन्त्र वढाउने ।

३. PPP model मा आर्थिक संस्थानहरु निर्माण र संचालन गर्ने ।

४. निशर्त अन्तर्राष्ट्रिय लगानी र प्रविधिको राष्ट्रिय हीतमा विकास र हीतमा सिमित अवधिका लागि मात्र उपयोग गर्ने ।

५. <u>औधोगिक क्षेत्रहरु निर्माण गर्ने</u>

१६. अनुचित वजारलाई नियन्त्रण गर्ने ।

७. स्वदेशी उत्पादन र उपभोगमा जोड दिने । साम्राज्यवादी वजारमा रोक लाउने ।

८. मौलिक तथा नयाँ प्रविधिको विकास र प्रयोग गरी पूँजी निर्माण गर्ने ।

९. निर्वाहमूखी अर्थतन्त्रलाई बढाव दिंदै निर्यात मूखी अर्थतन्त्र वनाउने ।

१०. आर्थिक विकास्लाई केम्द्रमा राखेर भौतिक विकास योजना वनाउने ।

११. ५ वर्ष भित्र विकासको लय निकालेर १० वर्ष भित्र उद्देश्य प्राप्त गर्ने राष्ट्रिय आर्थिक कार्यक्रमहरु लागु गर्ने ।

१२. श्रम र श्रमदान मार्फत । श्रम संस्कृतिको सूत्रले सामाजिक, नागरीक र प्राकृतिक स्रोत साधन र संयन्त्रहरु प्रयोग गरी देशको आर्थिक विकासमा क्रान्तिकारी विकास गर्ने ।

१३. समतामूखी वैग्यानिक कर प्रणाली लागु गर्ने ।

१४. एकाधिकार पूर्ण वजारको अन्त्य गर्ने ।

१५. श्रमदानवाट ततातत्तै फूल र फल्फूल तथा सागसब्जी लगाई निम्न आय हुनेहरुका लागि सार्वजनिक उपभोग गर्न दिने ।

१६. एक गाउँ एक उद्योगको नीति लागाउने ।

१७. जडीबुटी प्रयोग, उत्पादन र प्रशोसन गरी औषधि उत्पादन गर्ने ।

१८. आविस्कार केन्द्रहरु खोल्ने र आविस्कारहरुको वजारीकएअण गर्ने । आयातमूखी Auto mobiles र electronics लाई रोकी आफ्नै उत्पादनमा जोड दिने ।

१९. कृषीलाई पहिलो प्राथामिकतामा राखेर वजेट विनियोजन गर्ने ।

२०. कृषकलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम ल्याउने ।

२१. कृषी उत्पादनको उचित र उन्नत वजार व्यवस्थापन गर्ने ।

२२. कृषी उपज उद्योगहरु गाउँगाउँमा खोल्ने । निर्वाहमूखी र निर्यात मूखी उत्पादन उद्योग स्थापना गर्ने

२३. ठुलालाई मात्रै नभएर साना व्यवसाय तथा उद्योगहरुलाई समेत वचाउने नीति लागु गर्ने ।

४. निशर्त अन्तर्राष्ट्रिय लगानी र प्रविधिको राष्ट्रिय हीतमा विकास र हीतमा सिमित अवधिका लागि मात्र उपयोग गर्ने ।

५. <u>औधोगिक क्षेत्रहरु निर्माण गर्ने</u>

१६. अनुचित बजारलाई नियन्त्रण गर्ने ।

७. स्वदेशी उत्पादन र उपभोगमा जोड दिने । साम्राज्यवादी बजारमा रोक लाउने ।

८. मौलिक तथा नयाँ प्रविधिको विकास र प्रयोग गरी पूँजी निर्माण गर्ने ।

९. निर्वाहमूखी अर्थतन्त्रलाई बढाव दिंदै निर्यात मूखी अर्थतन्त्र बनाउने ।

१०. आर्थिक बिकास्लाई केम्द्रमा राखेर भौतिक विकास योजना बनाउने ।

११. ५ वर्ष भित्र विकासको लय निकालेर १० वर्ष भित्र उद्देश्य प्राप्त गर्ने राष्ट्रिय आर्थिक कार्यक्रमहरु लागु गर्ने ।

१२. श्रम र श्रमदान मार्फत । श्रम संस्कृतिको सूत्रले सामाजिक, नागरीक र प्राकृतिक स्रोत साधन र संयन्त्रहरु प्रयोग गरी देशको आर्थिक बिकासमा क्रान्तिकारी विकास गर्ने ।

१३. समतामूखी वैग्यानिक कर प्रणाली लागु गर्ने ।

१४. एकाधिकार पूर्ण बजारको अन्त्य गर्ने ।

१५. श्रमदानबाट ततातते फूल र फल्फूल तथा सागसब्जी लगाई निम्न आय हुनेहरुका लागि सार्वजनिक उपभोग गर्न दिने ।

१६. एक गाउँ एक उद्योगको नीति लागाउने ।

१७. जडीबुटी प्रयोग, उत्पादन र प्रशोसन गरी औषधि उत्पादन गर्ने ।

१८. आविस्कार केन्द्रहरु खोल्ने र आविस्कारहरुको बजारीकएअण गर्ने । आयातमूखी Auto mobiles र electronics लाई रोकी आफ्नै उत्पादनमा जोड दिने ।

१९. कृषीलाई पहिलो प्राथामिकतामा राखेर बजेट विनियोजन गर्ने ।

२०. कृषकलाई प्रोत्साहन गर्न नीति तथा कार्यक्रम ल्याउने ।

२१. कृषी उत्पादनको उचित र उन्नत बजार व्यवस्थापन गर्ने ।

२२. कृषी उपज उद्योगहरु गाउँगाउँमा खोल्ने । निर्वाहमूखी र निर्यात मूखी उत्पादन उद्योग स्थापना गर्ने

२३. ठुलालाई मात्रै नभएर साना व्यवसाय तथा उद्योगहरुलाई समेत बचाउने नीति लागु गर्ने ।

२४. नेपाली मौलिक तथा आधुनिक प्रविधिहरुको विकास र विस्तार गरी उत्पादन बढाउने ।

२५. स्वादेशी उत्पादन बढाउने र उपभोग गर्ने पद्धति र प्रवृतिको विकास गर्ने ।

२६. गाउँघरमा गुणस्तरीय शिक्षा पुराउने ।

२७. खानी उत्खनन् र धातु प्रशोधन गर्ने, आवश्यक धातुजन्य लगायत अन्य सामाग्रीको आयात घटाउने

२८. एक घर एक स्वरोजगार । १उद्यमीको नीति लागु गरिनेछ ।

२९. कर्मचारी होइन उद्यमी । जागिर होइन व्यवसार, उद्यम र उद्योगको नीति लागु गर्ने ।

# कृषी तथा वातावरण :

१. कृषी उपजको आयत प्रतिस्थापन गर्न ठोस नीति लागु गर्ने ।

२. उत्पादन बढाउन श्रम प्रतिको गिर्दो आकर्षणलाई सुधारेर कृषी नै प्रमुख पेशा र कर्म हो भन्ने मनोविज्ञान बनाउने

३. उन्नत बीऊ, मलखाद् को उत्पादन र प्रविधि हस्तन्तरण गर्ने ।

४. सामुदायिक र साझेदारी खेतीमा जोड दिने ।

५. वनपाखा सबै तिर फलफूल र फूलहरु विरुवा रोप्ने । सार्वजनिक उपयोग र उप्भोग गर्ने गरी ।

६. अनुदान र बिमाको व्यवस्था ।

७. साना र निम्न आयका किशानलाई राहत र सुरक्षा दिने ।

८. माटोको उर्वरा स्गक्ति बढाउन र बचाउन प्राकृतिक विधि अपनाउने ।

९. खोलाखोलीले खेतबारी नवगावोस भन्ना खातिर संरक्षण गर्ने ।

१०. सिंचाइको प्रवन्ध मिलाउने ।

११. राष्ट्रिय निकुन्ज र वन्यजन्तुउ आरक्षणको सुधार ल्याउने ।

१२. जडीवुटी उत्पादन र प्रसोधन गर्ने ।

# उद्योगः

१. आयात प्रतिस्थापन गर्ने निर्यात बढाउने उद्योग हुनेछ ।

२. अत्याधुनिक प्रविधिको प्रयोग गरी उत्पादन, सेवा, पर्यटन, मनोरञ्जन, स्वास्थ र शिक्षा क्षेत्रलाई उद्योगको स्थापना गर्ने ।

३. स्वादेशी लगानीलाई प्रोत्साहन गरे नीति लागु गर्ने ।

४. सानाठुला मझौला सबै खाले उद्योगहरुलाई प्रोत्साहन गर्ने । सानाहरुलाई विशेष सुविधा दिने ।

५. औधोगिक क्षेत्रहरु सबै पालिकामा खोल्ने ।

६. उद्योगमा आवश्यक।जनशक्ति उत्पादनका लागि सीपमूलक काम गर्ने ।

# वाणिज्य तथा आपुर्ती:

१. दैनिक उपभोग्य सेवा सामाग्रीको निरन्तर आपूर्ती गर्न proactive नीति लिने ।

२. आफ्ना मौलिक र अनुपम उत्पादनहरुको अन्तर्राष्ट्रिय बजारमा विग्यापन गर्ने । र निर्यात गर्ने ।

३. विदेशी सेवा सामाग्रीहरुले स्वादेशी उत्पादनलाई ओझेलमा नपारोस् भन्नाखातिर विशेष नीति लागु गर्ने

४. उर्जा सम्वन्धि खोज अनुसन्धान गरी आफ्नै खानीको प्रयोग गर्ने । नभएको अवस्थामा भने आयात गर्ने

५. कालाबजारी र कमिशनको अन्त्य गर्ने ।

६. पारस्करिक लाभको आधारमा आयात र निर्यात सम्वन्धि नीति लागु गर्ने ।

७. हिमाली, पहाडी र सिमावर्ती क्षेत्रका जनताको आपूर्तीलाई ध्यानमा राखी विशेष प्रवन्ध मिलाउने ।

८. राष्ट्रिय हीत र सम्प्रभुतामा आँच नआउने गरी चीन र भारत बीच व्यापारिक पुलको रुपमा स्थापित भई लाभ लिने ।

# पर्यटन:

१. देश भित्र प्रकृति र संस्कृतिलाई विश्व सम्पदाको रुपमा बिकसित गर्ने ।

२. पर्यटनका लागि प्रकृति र संस्कृतिको संरक्षण र प्रवर्धन गर्ने ।

३. साल्पा सिलिचुङ, वौद्ध, सयम्भु, नववुद्ध, लुम्विनी, मुक्तिनाथ, हलेसी महादेव, पिण्डेस्वर, दन्तकाली, गोसाइकुण्ड,पशुपति नाथ, पाथिभरा, मुकुम्लुङ, सुम्निमापारुहाङ लगायतका स्थानहरुलाई धार्मिक स्थल घोषणा गरी पर्यटन केन्द्र बनाउने ।

४. विमान स्थल, होटेल, रिसोर्ट, पार्क, यातायत, सुचना केन्द्र जस्ता पर्यटनका पूर्वाधारहरु तय गरी व्यवस्थापन गर्ने ।

५. नयाँ गन्तन्ब्यहरुको पहिचान गरी त्रेकिङ पर्यटन व्यवस्था मिलाउने ।

६. सामहिक खेल तथा विविध खेलकुद पर्यटनको बिकास गर्ने ।

७. साहित्य, संगीत, कला र चलचित्रलाई पर्यटनमा जोड्ने ।

८. आवश्यक दक्ष जनशक्तिको विकास गर्ने ।

९. सांस्कृतिक पर्ययनको विकास गर्ने । जैविक र भौगोलिक पर्यटनको विकास गर्ने ।

# <u>गरीबी निवारण</u>:

१. गरीबी निवारणका लागि जनतालाई जनसंख्या होइन जनशक्तिको रुपमा रुपान्तरण गर्न सवैलाई आवश्यक तालिम तथा प्रशिक्षण दिने । उत्पादन र निर्माणमा जोड्ने ।

२. आरक्षणको नीति लागु गर्ने ।

३. गरीव जनताको पहिचान गरी गाँस, वास, कपास, शिक्षा, स्वास्थ्यको जोहो गर्ने ।

४. गरीव भूमिहीन सुकुम्वासीहरुको लागि सामूहिक आवासको व्यवस्था गर्ने ।

# <u>प्राकृतिक स्रोत तथा वन व्यवस्थापन</u>:

१. ठुला स्रोतहरुमा वहुउद्देश्यीय एकिकृत उपयोगका नीति लागु पर्न ।

२. प्राकृतिक स्रोतहरु स्थानीय, प्रदेश र केन्द्रको साझेदारीमा प्रयोग गर्ने ।

३. स्रोत दोहोन गर्ने नीति वन्द गर्ने ।

४. वाढी पहिरो नियन्त्रण गर्ने ।।।

६. वृक्ष रोपन अभियान संचालन गर्ने र मरुभूमिकरण हुन नदिने ।

७. Global warming र जलवायु परिवर्तनलाई रोक्ने वृक्षरोपन तथा कार्वन उत्सर्जन नियन्त्रण गर्ने ।

८. वातावरण विग्रने गरी कुनै प्रकारको योजना लागु नगर्ने । प्रकृति मैत्री योजना वनाउन

# <u>जलस्रोत तथा उर्जा</u>:

१. एकिकृत योजना तर्जुमा गर्ने ।

२. PPP model मा उर्जा उत्पादन र स्रोत परिचालन गर्ने ।

३. अन्य देशहरु सङ्ग भएको सन्धित सम्झौताहरु राष्ट्रिय हीतमा गर्ने ।

४. जलाशायहरु निर्माण गरी १२ महिना नै विद्युत उत्पादन गर्ने । सौर्य र वायु दुवैवाट उर्जा निकाल्ने ।

५. सिंचाइ तथा खानेपानीको लागि जलस्रोतलाई प्रयोग गर्ने ।

# यातायात

१. सडक संजाल विस्तार गर्ने ।

२. सार्बजनिक यातायातका साधनहरुलाई आधुनिक शैलीमा व्यवस्थापन गर्ने ।

३. प्रदेशका मुख्य सहरहरु पुग्ने छोटो र छिटो सडकहरुको निर्माण गर्ने ।

४. सबै भेगमा चल्ने लोकमार्गहरुको निर्माण गर्ने ।

५. कृषी तथा औधोगिक सडक संजालको निर्माण गर्ने ।.

६. उत्तर दक्षीण जोड्ने लोकमार्ग निर्माण गर्ने । चीन र भारतका नाकाहरु जोड्ने सडक निर्माण गर्ने ।

७. नेपाल सरकारको आफ्नै सरकारी हवाइ सेवा विस्तार र विकास गर्ने ।

८. विमाल स्थलहरुको निर्माण र संचालनमा भ्रभावकारी विकास गर्ने ।

९. यातावातलाई मर्यादित तथा दुर्घटना रहित वनाउन आवश्यक स्रोत साधन प्रविधि र तालिम प्रशिक्षण दिने ।

# सुचना तथा संचारः

१. संघीय ढाँचा अनुसार संचार प्रणाली विकास गर्ने ।

२. संचारका माध्यमहरुको संचालन र वय्वस्थापनमा आधुनिक प्रविधि अपनाउने ।

३. कोही पनि नागरीकहरु सूचनाको हक र मनोरञ्जन देखि वन्चित नहून् भन्नाखातिर आवश्यक सेवा सुविधाको जोहो गर्ने ।

४. सबै मिडियालाई राष्ट्र प्रति जिन्मेवार वनाउँदै निष्पक्ष पत्रकारितामा जोड दिने ।

५. प्रेस स्वतन्त्रलाई सम्मान गर्दै श्रम संस्कृति पार्टीमा कुनै ओअनि पत्रकारलाई आवद्ध नगर्मे । प्रेस दलको नभएर राज्यको हो भन्ने प्रात्याभूति दिने।

६. चलचित्र उद्योगको संरक्षण र प्रबर्धन गर्ने ।

७. गीत संगीत र साहित्यको विकासमा जोड दिने ।

# शहरी बिकासः

१. शहरहरुलाई व्यवस्थित वनाउन आवश्यक ऐन्कानुन तर्जुमा गर्ने ।

२. खानेपानी विजुलीवत्ती सडक जस्ता पूर्वाधारको निर्माण गरेर मात्रै शहर वस्न दिने बस्ती वस्न दिने

३. फोहोरमैला व्यव्स्थापन गर्ने । अस्पताल, [illegible], विद्यालय, खेलमैदान, पार्क, बजार म, रंगशाल र रंगमन्चको नुर्माण तथा व्यवस्थापन गर्ने ।

४.नमुना गाउँ तथा शहर निर्माण गर्ने ।

५. सिमावर्ती क्षेत्रहरुमा रहेका समस्याहरुलाई समाधान गर्दै वयस्थ्पित शहर निर्माण गर्ने ।

६. सबै शहर तथा गाउँहरुमा आधारभूत सेवाहरु पुराउने ।

७. कोरिडोर सडक बनाई शहर भित्रमा खोला खोल्सीहरुलाई व्यवस्थित गर्ने ।

# स्वास्थ्यः

१. रोग लागेर उपचार गराउनु भन्दा रोग लाग्न नै नदिनु उत्तम हो । निरोधात्मक उपायहरु अपनाउने ।

२. स्वास्थ्य सङ्ग सम्वन्धित चेतना फैलाउने कार्यक्रमहरु तर्जुमा गर्ने । अभियान संचालन गर्ने ।

३. प्राथामिक उपचार सम्वन्धि तालिम समाज र विद्यालय स्तरमा दिने ।

४. लापसे, मापसे गर्ने चलनलाई निरुत्साहित गर्ने ।

५. कुपोषण रोक्न सामूहिक कृषी गरी उत्पादित खाद्य वितरण गर्ने ।

६. स्वास्थयमा पहुँच बढाउन र पुराउन काम गर्ने ।

७. गरीब, मजदुर, किशान र अपाङ्ग जस्ताका लागि बिमा या निशुल्क उपचार गर्ने ।

८. उपचार केन्द्रहरुको निर्माण र संचालन गर्ने ।

९. जडीबुटी र औषधि उत्पादन र व्यवस्थापनमा जोड दिने ।

१०. आधारभुत स्वास्थ सेवा निशुल्क दिने ।

११. स्वास्थ्य भन्ने वित्तिकै शारीरिक, मानसिक, वातवरणीय, समाजिक सबै क्षेत्रको समस्टिगत प्रगति हो भन्ने सत्य बुझाएर सबै क्षेत्रमा सुधार ल्याउन नीति बनाउने ।

१२. गम्भीर प्रकृतिका रोगका उपचार सेवा सुविधा दिने पस्पताल बनाउने । अनुसन्धान केन्द्रहरु

१३. नेता विदेश गएर उपचार गराउने चलनको अन्त्य गरी यही देशका स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने । स्वास्थ्य क्षेत्रमा राजनीति गर्न नदिने ।

१४. अनिवार्य श्रमदान गर्नेलाई निःशुल्क स्वास्थ्य सेवाको नीति लागु गर्ने ।

१५. निरोधात्मक उपाय र अभ्यासमा विशेष जोड दिने नीति तथा कार्यक्रमहरु ल्याउने ।

१६. गाउँघरमा स्वास्थ्य सेवाको स्तर उन्नति गर्ने ।

१७. स्वास्थ्यको अवधारणालाई बृहत बनाउने Soundness in totality लाई स्वास्थ्य भन्ने मान्ने र सोही मुताबिकको नीति तय गर्ने ।

१८. खाना र पानी नै हो औषधि । श्रम गरेर सबैलाई खाद्य उत्पादन गरी खाना उपलब्ध गराउने ।

# श्रम तथा रोजगारीः

१. सबैलाई श्रम संस्कृति सङ्ग जोडेर अनिवार्य श्रम गराउने ।

२. कर्मचारी होइन उद्यमी बन्न सबैलाई गरिखान प्रेरित गर्ने ।

३. उद्योगहरुको निर्माण गरी आवश्यक जनशक्ति आपूर्तीमा रोजगारीको व्यवस्था गर्ने ।

४. श्रमलाई अपमान होइन सम्मानको विषय भनी सम्वोधन गर्ने गराउने ।

५. रोजगारीमा लागेकाहरुको हक अधिकार सुनिश्चित गर्ने ।

६. श्रम आयोग निर्माण गरी श्रम सम्बन्धि नीति लागु गर्ने ।

७. श्रमिकहरुको पंजीकरण गरी स्वास्थ्य र शिक्षा जस्ता आधार्भूत सेवामा सुलभ सुरक्षा दिने ।

८. श्रमिकहरुको पारिस्श्रिमकको ग्यारे गर्ने ।

९. जन संख्यालाई जनशक्तिको रुपमा प्रयोग गर्न श्रम र श्रमदानको अभ्यास गर्ने ।

१०. ग्रामीण स्वरोजगार कार्यक्रम संचालन गर्ने । वेरोजगार भत्ताको व्यवस्था गर्ने

११. नीजी क्षेत्रलाई रोजगारी सृजना गर्न वातवरण तय गर्ने । रोजगार मेलाहरुको आयोजना गर्ने ।

१२. श्रममा लैङ्गिक विभेद नगर्ने ।

१३. श्रम संसारमा हुने ठगी र शोसनको अन्त्य गरिने ।

१४. तालिम, सहजीकरण र सुरक्षा व्यव्स्था मिलाउने ।

१५. वैदेसिक रोजगारी वाट फर्केकाहरुलाई नेपालमा गरिखाने वातावरण वनाइ लगानी लगाएर उद्यमी वन्न प्रेरित गर्ने ।

# माहिला बालबालिकाः

१. लैङ्गिक विभेद र हिंसा देखि महिलाहरुलाई र पुरुषहरुलाई समेत वचाउने ।

२. महिलाहरुलाई ससक्त वनाउन तालिम प्रशिक्षण र अवसर उपलब्ध गराउने ।

३. स्वास्थ्यगत सम्वेदनशिलताको ध्यानमा राखि महिलाहरुलाई सुविधा र सेवा उपलब्ध गराउने ।

४. सम्मानित जीवन जिउन पाउने वातावरण तय गर्ने ।

५. लेङ्गिक भिन्नताका कारण महिलालाई अवसरबाट बन्चित हुन नदिने ।

६. बालबालिकाको पढ्ने, खेल्ने र रमाउने अधिकार सुनिश्चित गर्ने । सबै पालिका बालमैत्री पालिका निर्माण गर्ने ।

७. मनोरञ्जनका लागि उद्ययनहरु निर्माण गर्ने ।

८. शिक्षा देखि कोही बालबालिका बन्चित हुन नदिने ।

९. एकल महिलाहरुलाई विशेष सुरक्षा र स्थान दिने ।

१०. सबै निकायमा महिलाको समहागिता ५०% पुराउने ।

११. सडक बालबालिकालाई तत्काल उद्दार गर्ने र उपस्थापना गर्ने ।

१२. बालश्रम शोसनको अन्त्य गर्ने ।

# युवा तथा खेल्कुदः

१. युवालाई दुर्व्यसन आदि विकृति देखि जोगाउन जागरण र चेतनाका कार्यक्रमहरु लागु गर्ने ।

२. खेलकुदको क्षेत्रलाई उद्योगको रुपमा बिकास गर्ने ।

३. युवालाई साहित्य संगीत, कला, खेलकुद जस्ता कृयाकलापमा लगाउने ।

४. खेलमैदानहरुको बिकास गर्ने ।

५. खेलकुदमा पर्यटनको रुपमा समेत विकसित गर्ने ।

६. खेलकुदलाई पेशाको रुपमा विकसित गर्ने ।

७. युवालाई स्वदेशमै रोजगारीको प्रवन्ध मिलाउने ।

# बिज्ञान तथा प्रबिधिः

१. प्रविधिको विकास प्रकृति र संस्कृति वीचमा सन्तुलन कायम गर्दै मानव जीवनलाई सुलभ वनाउन प्रयोग गर्ने ।

२. तत्व ज्ञान र आविष्कार लाई वढावा दिने ।

३. सबै तिर आविपकार केन्द्रहरुको निर्माण र संचालन गरी आवश्यक सेवा सुविधा आपूर्ती र निर्यातको नीतिलिने ।

४. सूचना प्रविधिको विकासमा जोड दिने ।

५. आधुनिक र मौलिक प्रविधिको प्रवर्धन गर्ने ।

६. देश विकासमा प्रविधिको समुचित प्रयोग गर्ने ।

# सौंस्कृतिक विकासः

१. श्रम संस्कृतिलाई सर्वोपरि संस्कृतिको रुपमा विकसित गर्ने । श्रम लाई सम्मान श्रमिकलाई सम्मानको मनोविज्ञान बनाउने ।

२. राष्ट्रका विविध जात जातिमा नौलिक पहिचान झल्कने संस्कृतिहरुको जगेर्ना गर्ने ।

३. सबै संस्कार संस्कृतिहरुलाई राज्यले समान व्यवहार र सम्मान गर्ने ।

४. सांस्कृतिक पक्षलाई सामाजिक मनोविज्ञानको विषय बनाई अध्ययन गर्ने ।

५. संस्कृतिलाई पर्यटनको केन्द्र बिन्दु बनाई विश्व बजारमा प्रचार गर्ने ।

६. सबै जात जातिका पर्वहरुलाई महत्व दिने ।

७. सौंस्कृतिक उन्नन्यन गरी विश्व बजारमा प्रस्तुत गर्ने ।

८. अनियार्य श्रम र श्रमदानको नीति लागु गरेर अल्छी समाजलाई परिश्रम बनाइनेछ । परिश्रमी बन्दै स्वाभिमानी र देशभक्त नेपाली बनाइनेछ । योगदान दिने संस्कृतिको शुरुवात गरी सामाजिक जारगण सहितको राष्ट्रिय एकताको अभियान संचालन गरी सामाजिक र आर्थिक सकारात्मक रुपातरणको क्रान्ति ल्याउनेछ ।

९. मौलिक संस्कृतिहरुको जगेर्ना गरिनेछ ! सबै जातजातिलाई आफ्नो मौलिक संस्कृति जगेर्ना गर्न सहयोग गरिनेछ ।

# सामाजिक बिकासः

१. श्रम संस्कृतिले सूत्रले देश बनाउन श्रमदान गर्न लगाएर सबैलाई सामाजिक एकतामा बाँधिनेछ । हराउन लागेको नेपाली समाज पुनः स्थापित गरिनेछ ।

२. सामाजिक जागरणका अभियानहरु संचालन गरिनेछ । विकृतिहरु विरुद्ध

३. समाजलाई एउटा घरपरिवारको रुपमा बिकसित गर्न विभेदजन्य कुराहरुको अन्त्य गरिनेछ । सौंस्कृतिक विविधतालाई अस्वस्थ र राजनीतिक प्रतिष्पर्दा नभएर सुन्दरताको रुपमा लिइनेछ ।

४. समाज भाँडेर सद्भाव विथोल्ने र अशान्ति निम्त्याउने तत्वहरुको पहिचान गरी त्यस्ता तत्वहरुलाई निस्तेज, नियन्त्रण र अन्त्य गर्ने ।

५.श्रमको कारणले गरिएका विभेदहरुको अन्त्य गरिनेछ । श्रमलाई अपमान होइन सम्मानको रुपमा हेरिनेछ । श्रम कै कारणले भएको विभेद अब [illegible] विधिले अन्त्य गरिनेछ ।

# <u>सुरक्षा निकायः</u>

१. सेनालाई सिमानामा खटाई सिमा रक्षा र वाह्य आक्रमणबाट देशलाई बचाउन खटाइने ।

२. संकटकाल र विपदमा सेनालाई खटाइनेछ ।

२. सुरक्षाको अतिरिक्त आवश्यक निर्माण कार्यहरुमा खटाइने ।

३. संकटकालमा बाहेक प्रहरीले आन्तरीक सुरक्षाको कार्य गर्नेछ ।

# <u>INGO</u>:

सेवा र अधिकारको नाममा छिरेका INGO हरुले देशै कब्जा गर्ने देखिएकोले विदेशीशक्ति केन्द्रहरु हावी बनाई नेपाल सरकार बनाउने र गिराउने सम्मको हर्कत हुने गरेकोले INGO सबै खारेज गर्ने । स्वादेशी संघ संस्थाहरुलाई सकृय र वृहत बनाइनेछ । स्वदेशी संघ संस्थाहरुलाई नै सकृय बनाई सामाजिक कार्यहरु गर्ने गराइने नीति लिइनेछ ।

# <u>कर्मचारी बारेः</u>

१. छिटो छरितो जनमूखी प्रशासन ।

२. समानुपातिक कर्मचारी संयन्त्र ।

३. राजनीतिक संलग्नता र अभ्यासमुक्त कर्मचारी र न्यायोचित प्रशासन ।

४. राजनीतिक गतिविधिमा कर्मचारी संलग्न हुन नपाउने ।

५. ढिलासुस्ती रहित प्रशासन ।

६. जनमतको कदर । पदसोपा अनुसार प्रणाली युक्त कर्चचारी र प्रशासन ।

# <u>गैरआवसिय तथा प्रवाशीनेपालीको बारेः</u>

१. प्रवासी नेपाली अभिलेख राख्ने ।

२. गैरआवसिय नेपालीहरुको नागरीकता निरन्तरता दिंदै उनीहरुका सीप तथा पूँजी राष्ट्र निर्माणमा आकर्शित गर्ने ।

३. रिमिटयान्सलाई राष्ट्र निर्माणमा लगाउने ।

**# भुतपुर्व सैनिक बारेः**

१. भुपु गोर्खा सैनिकहरुका ज्ञान सीप र अनुभवलाई राष्ट्र निर्माणमा लगाउने । योगदानको कदर गर्ने ।

२. सुशासन र सामाजिक सुधारमा भुपु सैनिकहरुलाई प्रत्यक्ष सहभागी गराउने ।

३. प्रवासमा रहेका नेपाली भुपु गोर्खा सैनिकहरुको नागरिकता निरन्तरता दिने र स्वदेशमै बस्न सक्ने वातावरण मिलाउने ।

४. भुपु गोर्खा सैनिकहरुले असमान पेन्शनलाई न्यायपूर्ण समान पेन्शन बनाउन आवश्यक पहल गर्ने ।

**# नेपाली मौलिकताको रक्षा / आत्मरक्षाः**

विश्व व्यापीकरणको नाममा ठुला देशहरुले साना देशहरुलाई सौस्कृतिक, व्यापारिक, राजनीतिक र सैन्य आक्रमण गरेर निलिरहेको परिप्रेक्षमा आत्म रक्षाको नीति लिइनेछ । आफ्नै उत्पादन र आविष्कारहरु बढाएर विदेशी मोहजालमा फसेर स्वादेशलाई बिर्सने त्याग्ने मनोविज्ञानलाई बदल्ने सबैखाले सामाजिक, सांस्कृतिक, राजनीतिक उपायहरु अपनाइनेछ । संयुक्त राष्ट्र संघ लगायत विश्व मानवाधिकार सङ्घ समन्वय र सकारात्मक सहकार्य गरिनेछ ।

**# नागरीक आयोगः**

सुशासनको प्रत्याभूति गराउन नागरीक आयोग गठन गरिनेछ ।

**# राष्ट्रिय न्यायलयः**

कतिपय मुद्दाहरुमा न्यायलय नै निष्पक्ष नहुँदा देश द्रोही, भ्रष्टाचारीहरु उम्कने भएकोले सो सम्बन्धि न्याय दिन यो न्यायलयले सुनुवाइ गर्नेछ । न्याय सबैको निम्ति हो । जनताको अदालतको रुपमा यस्ले काम गर्नेछ ।